# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३ मिति वैशाख २८,२०८१

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**भाग १**

**स्थानीय सरकार**

सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) बमोजिम परशुराम नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## परशुराम नगरपालिकाको प्राविधिक तथा ब्यावसायिक शिक्षा अध्ययनका लागि शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०८१

**<u>प्रस्तावनाः</u>**

परशुराम नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने प्राविधिक तथा ब्यावसायिक शिक्षा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक योग्यताको प्रमाणपत्र (एकेडेमिक सर्टिफिकेट) धितो राखेर ऋण दिई स्वदेशमै उच्च शिक्षा अध्ययनमा नगरपालिकाको तर्फबाट सुविधा दिने सम्बन्धमा निर्देशिका बनाउन वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस परशुराम नगरपालिकाको चौधौं नगर सभाबाट यो निर्देशिका पारित गरी लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

१.१ **संक्षिप्त नामः** यो निर्देशिकाको नाम‘**परशुराम नगरपालिकाको प्राविधिक तथा ब्यावसायिक शिक्षा अध्ययनका लागि शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका,** २०८१' रहनेछ ।यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

१.२ “**शैक्षिक ऋण**” भन्नाले यस निर्देशिकाको परिच्छेद २ बमोजिम दिइने शैक्षिक ऋणलाई सम्झनुपर्दछ ।

१.३ “**निर्देशिका**” भन्नाले परशुराम नगरपालिका शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०८१ लाई सम्झनु परदछ ।

१.४ “**वडा कार्यालय**” भन्नाले परशुराम नगरपालिका अन्तर्गतको वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

१.५ “**विद्यार्थी**” **भन्**नाले यस निर्देशिकाको प्रस्तावनामा उल्लेख गरे बमोजिमका विद्यार्थीलाई सम्झनु पर्दछ ।

१.६. “**आर्थिक प्रशासन शाखा**” भन्नाले परशुराम नगरपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

१.७. “**परिवार**” भन्नाले विद्यार्थीको एकाघरमा बस्ने र एउटै भान्छा र छतमुनि बसेको परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## शैक्षिक ऋण सम्बन्धी व्यवस्था

२.१. परशुराम नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने प्रावधिक तथा ब्यावसायिक शिक्षा अध्ययन गर्न चाहने आदिवासी, दलित, महिला, पिछडिएको वर्ग, लोपोन्मुख जाती, घाइते, अपांग, शहिद परिवार, जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई परशुराम नगरपालिकाले अधिकतम रकम रु. ५,००,०००।-अक्षरेपी पाँच लाख रुपैयासम्म ऋण प्रदान गर्न सक्नेछ ।

२.२. ऋण माग गर्ने विद्यार्थीले अध्ययन गर्ने विषय, संकाय र शैक्षिक संस्था नेपाल सरकारको स्वीकृति प्राप्त वा नेपाल सरकारद्वारा मान्यता प्राप्त हुनुपर्नेछ ।

२.३. यस निर्देशिका अनुसार दिइने शैक्षिक ऋण एस.ई.ई. वा सो तह भन्दा माथिको शैक्षिक तहलाई Health Assistant, Overseer, Staff Nursing, Piloting, Engineering, MBBS, कृषि, पशु, सूचना प्रविधी लगायत अन्य विभिन्न क्षेत्रसँग सम्बन्धीत प्राविधिक तथा ब्यावसायिक शिक्षा अध्ययनका लागि मात्र दिइनेछ ।

२.४ शैक्षिक ऋणको सम्पर्क यूनिट शिक्षा शाखा रहनेछ ।

## परिच्छेद -३

## शैक्षिक ऋण माग गर्न आवश्यक प्रक्रियाहरु

३.१. ऋण माग गर्ने विद्यार्थीले अनुसुची १ बमोजिमको निवेदन वडा समितिमा पेश गरी सिफारिस लिनुपर्नेछ ।

३.२. माथि ३.१ बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले शैक्षिक ऋणका लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

३.३. माथि ३.२ बमोजिमको सिफारिस भई आएपछि सो सिफारिस समेत संलग्न गरी अनुसूची २ बमोजिम नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

३.४ माथि ३.३ बमोजिम नगरपालिकामा निवेदन दिएपछि अध्ययनमा उत्कृष्टता, अति विपन्नता र अन्तर्वाताको आधारमा नगर शिक्षा समितिको सिफारिसको बमोजिम नगर कार्यपालिकाले शैक्षिक ऋण स्वीकृत गर्नेछ ।

३.५ नगरकार्यपालिकाबाट ऋण स्वीकृत भएपछि परशुराम नगरपालिका आर्थिक प्रशासन शाखाबाट ऋण रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद -४

## शैक्षिक ऋणको सिमा र शर्तहरु

४.१ यस निर्देशिका बमोजिम उपलब्ध गराइने शैक्षिक ऋण रकमको अधिकतम सिमा रु. ५,००,०००। (अक्षरेपी पाँचलाख रुपैया) सम्म हुनेछ ।

४.२ शैक्षिक ऋणमा वार्षिक ब्याज लिइने छैन।

४.३. यस निर्देशिका बमोजिम उपलब्ध गराइने शैक्षिक ऋण कुनै एक परिवारको एक जना सदस्यलाई मात्र उपलब्ध गराउन सकिने छ ।

४.४. स्वीकृत शैक्षिक ऋण रकम एक मुष्ट वा किस्तामा उपलब्ध गराइनेछ । उपलब्ध गराइएको ऋण निवेदकले अध्ययनको क्रममा दुरुपयोग गरेको खण्डमा वा अन्य कार्यमा प्रयोग गरिएको खण्डमा बाँकी ऋण वा उपलब्ध गराउनु पर्ने ऋण रोक्का राखी दफा ५.२ बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद -५

## शैक्षिक ऋणको साबाँ असुली

५.१ यस निर्देशिका बमोजिम शैक्षिक ऋण लिएका विद्यार्थीहरुले आफूले लिएको ऋण रकम देहाय बमोजिम परशुराम नगरपालिकालाई चुक्ता गर्नुपर्नेछः

क. शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले एक बर्ष भित्र ऋण रकमको न्यूनतम २५ प्रतिशत,

ख. शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले दुई बर्ष भित्र ऋण रकमको न्यूनतम ५० प्रतिशत,

ग. शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले तीन बर्ष भित्र ऋण रकमको न्यूनतम ७५ प्रतिशत,

घ. शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले ४ बर्ष भित्र सबै ऋण रकमको शत प्रतिशत साँवा।

५.२ उपरोक्त समयावधि भित्र ऋणको साँवा नतिरेमा तिर्न बुझाउनु पर्ने साँवाको ५ प्रतिशत हर्जना गरी विद्यार्थी र निजको साँक्षी बसेका एकापरिवारका सदस्यहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवाहरुबाट बञ्चित गरिनेछ र सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार परशुराम नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।

## अनुसुची १

## शैंक्षिक ऋण लिन वडा कार्यालयमा पेश गर्ने निवेदन

मितिः....................

श्रीमान् वडा अध्यक्ष ज्यू,

परशुराम न.पा. ... नं. वडा कार्यालय जोगबुडा, डडेल्धुरा

विषय: शैक्षिक ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदक परशुराम जिल्ला, परशुराम नगरपालिका वडा नं. ....... बस्ने श्री .............................. को छोरा/छोरी/श्रीमती..................हाल .....................................

कलेज/विश्वविद्यालयमा...................... विषयको...................तहमा अध्ययन गरिरहेको हुँदा शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिकाको दफा ३.१ अनुसार वडा कार्यालयको सिफारिसको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

क. निवेदकको नागरिकताको प्रतिलिपि,

ख. निवेदकको ऋण लिन चाहेको तह भन्दा एक तहमुनीको ट्रान्क्रिप्ट (शैक्षिक प्रमाण पत्र) /लब्धाङ्कपत्र/ चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. परिवारका सदस्यहरुमध्ये कम्तीमा दुई जनाको मञ्जुरीनामा पत्र र निजहरुको नागरिकताको प्रतिलिपि,

घ. विद्यार्थी भएको प्रमाणित हुने र अध्ययनरत तह वा कोर्सको जम्मा शैंक्षीक शुल्क प्रमाणित हुने सम्बन्धीत शैंक्षीक संस्थाको पत्र ।

निवेदकको नाम:

ठेगाना:

हस्ताक्षर:

सम्पर्क नं.:

## अनुसुची २

## शैक्षिक ऋण लिन परशुराम नगरपालिकामा पेश गर्ने निवेदन

मिति ................

श्रीमान् प्रमुखज्यू,

परशुराम नगरपालिकाको कार्यालय जोगबुडा, डडेल्धुरा ।

विषय: शैक्षिक ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदक डडेल्धुरा जिल्लापरशुराम नगरपालिका वडा नं. ..... बस्ने श्री ........................... को छोरा/छोरी/श्रीमती............................. हाल................................

कलेज/विश्वविद्यालयमा.............................विषयको ......................तहमा अध्ययन गरिरहेको हुँदा शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०८० को दफा ३.१ अनुसार देहायका कागजातहरु संलग्न राखी परशुराम नगरपालिकामा यो निवेदन पेश गरेको छु ।

क. निवेदकको नागरिकताको प्रतिलिपि,

ख. निवेदकको ऋण लिन चाहेको तह भन्दा एक तहमुनीको ट्रान्क्रिप्ट (शैक्षिक प्रमाण पत्र)/ लब्धाङ्कपत्र/ चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. परिवारका सदस्यहरुमध्ये कम्तीमा दुई जनाको सहमतीपत्र र निजहरुको नागरिकताको प्रतिलिपि,

घ. सम्बन्धित वडा समितिको शैक्षिक ऋणको लागि सिफारिस गरिएको पत्र,

ङ. विद्यार्थी भएको प्रमाणित हुने र अध्ययनरत तह वा कोर्सको जम्मा शैंक्षीक शुल्क खुल्ने सम्बन्धीत शैंक्षीक संस्थाले प्रमाणित गरेको पत्र ।

निवेदकको नाम:

ठेगाना:

हस्ताक्षर:

सम्पर्क नं.:

प्रमाणिकरण मितिः २०८१/१/२५

आज्ञाले

कल्पना भट्ट

प्रमुख प्रशासकीय अधिकृत